नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं
२०७४

# संवत् २०७९ साल जेठ २३ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | थाइल्याण्डमा आयोजना हुने "Governance and Anti-Corruption: The Method and Tools Behind an Effective Corruption-Eradication Strategy" विषयक तालिम कार्यक्रमको अनुगमन र समापन कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्तद्वय श्री किशोर कुमार सिलवाल र श्री जय बहादुर चन्दलाई सहभागी हुन स्वीकृति दिने। |
| २. | अर्थ मन्त्रालय | विश्व बैंकबाट हरित, उत्थानशील र समावेशी विकासका लागि प्राप्त हुने १०० मिलियन अमेरिकी डलर (करिब रु. १२ अर्ब) सहुलियतपूर्ण ऋण सहायता लिन वार्ता टोली गठन गर्ने। |
| ३. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको रिक्त कार्यकारी निर्देशक पदमा श्री शरद विक्रम राणालाई नियुक्त गर्ने। |
| ४. | गृह मन्त्रालय | सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकलाई संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने। |
| ५. | गृह मन्त्रालय | तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने। |
| ६. | गृह मन्त्रालय | हातहतियार खरखजाना (एघारौं संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने। |
| ७. | गृह मन्त्रालय | सशस्त्र प्रहरी नायव महानिरीक्षक श्री चन्द्र प्रकाश गौतमलाई सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा नियुक्ति गर्ने। |
| ८. | गृह मन्त्रालय | नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकलाई संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने। |
| ९. | गृह मन्त्रालय | अष्ट्रेलियाको ब्रिसवेनमा आयोजना हुने Asia Pacific Ministerial conference on Disaster Risk Reduction (APMCDRR) कार्यक्रममा गृह मन्त्रालयका सचिव श्री टेकनारायण पाण्डेलाई सहभागी हुन स्वीकृति दिने। |
| १०. | गृह मन्त्रालय | भारतको नयाँ दिल्लीमा हुने नेपाल-भारत सीमा ब्यवस्थापन सम्बन्धी संयुक्त कार्यदलको १२औं बैठकमा नेपालको तर्फबाट गृह मन्त्रालयका सहसचिवको नेतृत्वको प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृति दिने। |
| ११. | गृह मन्त्रालय | प्रहरी नायब महानिरीक्षकहरू उत्तमराज सुवेदी, अरुण कुमार बि.सी., दिवेश लोहनी, मुकुन्द राज आचार्य र पुजा सिंहलाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा नियुक्ति गर्ने। |

| | | |
|---|---|---|
| १२. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | लुम्बिनी सांस्कृतिक नगरपालिकालाई अस्पताल भवन निर्माणार्थ सरकारी जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने। |
| १३. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | गरिबी निबारण कोष सञ्चालक समितिको उपाध्यक्षको राजीनामा स्वीकृत गर्ने। |
| १४. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | रेल्वे सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश प्रतिस्थापन गर्ने विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| १५. | युवा तथा खेलकुद मन्त्रालय | फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समितिको अध्यक्ष पदमा श्री सुवास बी. शाही र सदस्य पदमा श्री कल्पना दियाकोटीलाई मनोनयन गर्ने। |
| १६. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल वायुसेवा निगमका महाप्रबन्धक तथा सञ्चालक सदस्य डिमप्रसाद पौडेललाई पदबाट हटाउने। |
| १७. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | औषधि ऐन, २०३५ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| १८. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| १९. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | मानव अङ्ग प्रत्यारोपण विकास समिति (गठन) (तेस्रो संशोधन) आदेश, २०७९ स्वीकृत गर्ने। |
| २०. | राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत श्री सरजुकुमार वैद्यलाई नेपाल इञ्जिनियरिङ सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा नियुक्ति गर्ने। | |
| २१. | लोक सेवा आयोगको सिफारिसबमोजिम निजामती सेवाको नेपाल वन सेवा तथा नेपाल शिक्षा सेवाका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा नियुक्त गरी पदस्थापन गर्ने। | |
| २२. | हाल परीक्षणको रुपमा लागू गरिएको हप्तामा दुई दिन सार्वजनिक विदा दिनेसम्बन्धी निर्णय २०७९ असार १ देखि लागू हुने गरी खारेज गर्ने। | |